## बेनीघाट रोराङ गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड – ६ संख्या – १४ मितिः २०७९ फाल्गुण २४

# भाग - २

भैसी प्रवर्धन कार्यक्रम सञ्चालन कार्यविधि, २०७९

**बेनीघाट रोराङ गाउँपालिका**
**विशालटार, धादिङ**
**बागमती प्रदेश**

बेनीघाट रोराङ गाउँपालिका

स्थानीय राजपत्र

खण्ड – ६ संख्या – १४ मितिः २०७९ फाल्गुण २४

# भैसी प्रवर्धन कार्यक्रम सञ्चालन कार्यविधि, २०७९

**गाउँकार्यपालिकाबाट स्वीकृत मितिः २०७९।१०।२९**

**प्रमाणीकरण र प्रकाशन मितिः २०७९/११/२४**

**प्रस्तावना :** बेनिघाट रोराङ गाउँपालिकाको लागि आ.व.२०७९/८० मा कृषि, पशुपंक्षि तथा मत्स्य क्षेत्रको उत्पादन तथा उत्पादकत्व बृद्धिका लागि स्थानिय तहमा ससर्त वित्तिय हस्तान्तरण मार्फत हस्तान्तरित कार्यक्रमहरुको कार्यन्वयनलाई व्यवस्थित, पारदर्शी, प्रभावकारी तथा प्रतिफलमा आधारित बनाउन वान्छनिय भएकोले स्थानिय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम यस बेनिघाट रोराङ गाउँपालिका गाउँकार्यपालिकाको बैठकको निर्णयबाट भैंसी प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्यविधि, २०७९ स्वीकृत गरि लागू गरिएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

**१.संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम "भैंसी प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्यविधि, २०७९" रहेको छ ।

(२) यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) "कार्यविधि" भन्नाले भैंसी प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्यविधि, २०७९ सम्झनु पर्छ ।

(ख) "कार्यक्रम" भन्नाले भैंसी प्रवर्द्धन कार्यक्रम, २०७९ सम्झनु पर्छ ।

(ग) "कार्ययोजना" भन्नाले मासु र दूध उत्पादन बढाउन व्यवसायिक रुपमा भैंसी पालन गर्न तयार गरिएको कार्ययोजना सम्झिनु पर्छ ।

(घ) "कार्यालय" भन्नाले बेनिघाट रोराङ गाउँपालिकाको कार्यालय सम्झनु पर्छ ।

(ङ) "शाखा" भन्नाले बेनिघाट रोराङ गाउँपालिका पशु सेवा शाखा सम्झनु पर्छ

(च) "प्रदेश" भन्नाले बाग्मति प्रदेश सम्झनु पर्छ ।

(छ) "मन्त्रालय" भन्नाले बागमती प्रदेशको कृषि तथा पशुपंक्षी विकास मन्त्रालयलाई सम्झनु पर्छ ।

(ज) "वडा कार्यलय" भन्नाले बेनिघाट रोराङ गाउँपालिका मातहतका सबै १० वटा वडाहरु सम्झनु पर्छ ।

(झ) "आवेदक" भन्नाले कार्यक्रम सञ्चालनको लागि आवेदन दिएका कृषक समूह/सहकारी/निजी क्षेत्र सम्झनु पर्छ ।

(ञ) "साझेदार संस्था" भन्नाले कार्यक्रम सञ्चालन गर्न छनौट भएका भैंसी पालक कृषक समूह/सहकारी/ निजी क्षेत्र सम्झनु पर्छ ।

(ट) "निजी क्षेत्र" भन्नाले प्रचलित कानून बमोजिम दर्ता भएका कृषि फार्म सम्झनु पर्छ ।

(ड) “कृषक समूह” भन्नाले प्रचलित कानून बमोजिम दर्ता भएका कृषक समूह सम्झनु पर्छ ।

(ढ) “सहकारी” भन्नाले प्रचलित कानून बमोजिम दर्ता भएका कृषि क्षेत्रमा काम गर्ने सहकारी सम्झनु पर्छ ।

**३. उद्देश्य :** यस कार्यविधिको उद्देश्य देहाय बमोजिम रहेको छ :

(क) बेनिघाट रोराङ गाउँपालिकामा बाहिरबाट आयात गरिने भैँसी, राँगो, पाडापाडीको संख्या कम गराउने,

(ख) दूध र मासुको आयात न्यूनिकरण गर्ने,

(ग) भैँसीपालन पेशालाई मर्यादित र व्यवसायिक बनाउने ।

## परिच्छेद-२

## समिति सम्बन्धि व्यवस्था

४. भैँसी प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्न तथा कार्यक्रमलाई प्रभावकारी, पारदर्शी, व्यवस्थित तथा प्रतिफलमा आधारित बनाउनका लागि सुरुमा प्रस्तावहरु छनौट गर्ने र आवश्यक निर्णय लिनका लागि प्रस्ताव मूल्यांकन समिति देहाय बमोजिम गठन हुनेछ ।

| | |
|---|---|
| क) गाउँपालिकाको उपाध्यक्ष | संयोजक |
| ख) आर्थिक विकास समितिको संयोजक | सदस्य |
| ग) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| घ) आर्थिक प्रशासन शाखा प्रमुख | सदस्य |
| ङ) प्रमुख प्रशासकीय अधिकृतले तोकेको अधिकृत स्तरको कर्मचारी-१ जना | सदस्य |
| च) शाखा प्रमुखले तोकेको पशु सेवा शाखाको कर्मचारी-१ जना | सदस्य |
| छ) पशु सेवा शाखाको प्रमुख | सदस्य सचिव |

४.१ मूल्यांकन समितिले निर्णय गर्दा लिईने आधारहरु

क) पशु सेवा शाखाको कर्मचारीहरुले गरेको स्थलगत अनुगमन प्रतिवेदन

ख) आवेदकले पेश गरेको अनुसुचि-१ बमोजिमको निवेदन, अनुसुचि-२ बमोजिमको प्रतिबद्धता पत्र र अनुसुचि-३ बमोजिमका कार्ययोजना विवरण

ग) विगतका आर्थिक वर्षहरुमा सोही प्रकृतिका कार्यक्रमहरु सञ्चालनका लागि कुनैपनि सरकारी निकायबाट अनुदान प्राप्त नगरेको अनुसुची-४ बमोजिमको स्व-घोषणा पत्र

## परिच्छेद -३

## कार्यक्रम सञ्चालन प्रक्रिया

**५.सुचना प्रकाशन :** यस स्थानिय तहले कार्यक्रम सञ्चालनको लागि २१ दिने आवेदन मागको सुचना प्रकाशन गरि माग संकलन गर्नुपर्नेछ ।

**६. प्रस्ताव पेश गर्ने :** कार्यक्रममा सहभागि हुन इच्छुक आवेदकले यस कार्यालयले तोकेको ढाँचा बमोजिमको आवश्यक कागजातहरु ; अनुसुचि-१ बमोजिमको आवेदन पत्र, अनुसुचि-२ बमोजिमको प्रतिवद्धता पत्र , अनुसुचि-३ बमोजिमका कार्ययोजना विवरण, अनुसुचि-४ बमोजिमको स्वघोषणा पत्र र सूचनामा माग बमोजिम आवश्यक कागजात पेश गर्नुपर्नेछ ।

**७.कार्यक्रम सञ्चालन :**

(१) यस कार्यक्रम बेनिघाट रोराङ गाउँपालिकाका वडाहरुमा सञ्चालन हुनेछ ।

(२) निजि क्षेत्रका आवेदकले कम्तिमा माउ ५ वटा वा सो भन्दा बढि भैंसी पालन गरेको हुनुपर्नेछ ।

(३) समुह वा सहकारीको हकमा कम्तिमा १५ जना भैँसीपालक कृषक सदस्य समावेश हुनुपर्नेछ र प्रत्येक सदस्यले २ वटा माउ भैंसी पालन गरेको हुनु पर्नेछ ।

(४) दफा २ र ३ बमोजिम छनौट भएका कृषकहरुलाई गाउँपालिकाले अनुदान रकम उपलब्ध गराउनेछ ।

**८.अनुदान प्रतिशत र सिमा :**

(१) कुल लागतको बढिमा ५० प्रतिशत अनुदान र कम्तिमा ५० प्रतिशतको साझेदारी सम्बन्धित साझेदारले गर्नुपर्नेछ ।

(२) विगतका वर्षहरुमा सोहि प्रकृतिका कार्यक्रमहरु सञ्चालनका लागि कुनैपनि सरकारी निकायबाट अनुदान प्राप्त गरेका आवेदकहरु सोहि कार्यक्रममा छनोट गर्न पाइने छैन ।

**९. साझेदार सस्थाको छनोट :** साझेदार सस्थाको छनोट यस बेनिघाट रोराङ गाउँपालिकाले गर्नेछ ।

**१०. सम्झौता :** छनौट भएका आवेदकहरुसंग गाउँपालिका कार्यालयले अनुसुचि-५ बमोजिमको सम्झौता गर्नेछ ।

## परिच्छेद - ४

## कार्यक्रम सञ्चालनको आर्थिक पक्ष

११. अनुदान रकमको तिन (३) प्रतिशत कन्टेनजेन्सि स्वरुप कट्टा गरिनेछ । कार्यालयले उक्त रकम अनुगमन भ्रमण खर्च, बैठक भत्ता तथा अन्य प्रशासनिक कार्यको लागि खर्च गर्नेछ ।

१२. साझेदार संस्थाले प्राप्त गर्ने अनुदान विवण र स्वलगानिको क्षेत्र : रकम रु हजारमा

| क.स. | कार्यक्रम विवरण | अनुदान रकम | स्वलगानी | जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| १ | दुधालु भैंसी खरिद | ५०% | ५०% | १००% | |
| २ | गोठ निर्माण /भकारो सुधार | ५०% | ५०% | १००% | |

१३. अनुदान रकम प्राप्त गर्ने साझेदार संस्थाले सम्झौता वमोजिम गोठ निर्माण गरेको वा दुधालु भैंसी खरिद गरेको विल/भरपाई कार्यालयमा पेश गर्नु पर्नेछ ।

१४. यस कार्यक्रमको लेखा परिक्षण तथा आर्थिक कारोवार सम्वन्धि अन्य व्यवस्था प्रचलित ऐन नियम अनुसार हुनेछ ।

**१५. भुक्तानी :** सम्झौता भएका आवेदकहरुले सम्झौता बमोजिमको कार्य सम्पन्न गरिसकेपछि आवश्यक विल भरपाई,कार्य सम्पन्न प्रतिवेदन,तथा अन्य आवश्यक कागजात पेश भएपछि प्रचलित ऐन, नियमावलीको अधिनमा रहि भुक्तानि गर्नुपर्नेछ ।

## परिच्छेद - ५

## विविध

**१६.  अनुगमन तथा मूल्यांकन :** पशु सेवा शाखाले आवश्यकता अनुसार अनुगमन र मुल्यांकन समितिले मूल्यांकनको आधार मानि मूल्यांकन गर्नुपर्नेछ ।

**१७.कारवाहिको ब्यावस्था :** सम्झौता अनुरुप काम नगर्ने साझेदार संस्थालाई कार्यालयले अनुदान रोक्का गर्नेछ । साझेदारले सम्झौता बमोजिम अनुदान रकम लिई दुरुपयोग गरेको पाइएमा प्राप्त अनुदान रकम प्रचलित ब्याजसहित असुल उपर गरिनेछ । र अन्य कार्यक्रममा समावेश गरिने छैन ।

**१८. प्रचलित कानुन बमोजिम हुने** : यस कार्यविधिमा उल्लेख भएका बुंदाहरु प्रचलित कानुनसंग बाझिएमा प्रचलित कानुन बमोजिम नै हुनेछ ।

**१९. संशोधन :** यस कार्यविधिको कार्यन्वायनमा कुनै बाधाअड्चन परेमा गाउँकार्यपालिकाले आवश्यक संशोधन गर्न सक्नेछ ।

# अनुसूचि-१
# आवेदन-पत्र

मिति :

श्रीमान कार्यालय प्रमुख ज्यू,
बेनिघाट रोराङ गाउँपालिकाको कार्यालय
विशालटार, धादिङ

विषय : अनुदान सहयोग उपलब्ध गराई दिने बारे ।

महोदय,

प्रस्तुत विषयमा मिति ..............................गते प्रकाशित सूचना अनुसार दरखास्त माग भए बमोजिम भैँसी प्रवर्द्धन कार्यक्रममा सहभागी हुने चाहना भएकोले सूचनामा खुलाईएको तपशिल बमोजिमको आवश्यक कागजात राखी निवेदन पेश गरिन्छ । अनुदान सहयोग प्राप्त भएमा सर्त अनुसार कार्य गर्ने प्रतिबद्धता समेत जाहेर गरिएको व्याहोरा जानकारीको लागि अनुरोध छ ।

तपशिल :

१.अनुसुचि-१ बमोजिमको आवेदन पत्र, अनुसुचि-२ बमोजिमको प्रतिवद्धता पत्र र अनुसुचि-३ बमोजिमका कार्ययोजना विवरण

२. सम्बन्धित व्यक्तिको नेपाली नागरिकताको प्रतिलिपि

३.आवेदकको फर्म दर्ता, पान नं. दर्ता र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि

४. विगतका आर्थिक वर्षहरुमा सोही प्रकृतिका कार्यक्रमहरु सञ्चालनका लागि कुनैपनि सरकारी निकायबाट अनुदान प्राप्त नगरेको अनुसुचि-४ बमोजिमको स्व-घोषणा पत्र

५.कृषक समूह/सहकारीको हकमा बैठक निर्णय प्रतिलिपि

६. जग्गाको स्वामित्व देखिने प्रमाण वा जग्गा भाडामा लिएको भए कम्तिमा ५वर्षको करार सम्झौता पत्र

**निवेदक :**

नाम :

ठेगाना :

मोवाईल नं. :

दस्तखत :

संस्थाको छाप :

## अनुसूचि -२

## प्रतिबद्धता पत्र

....................को मिति................ को सूचना अनुसार..........................कार्यक्रम सञ्चालनको सहभागिताको लागि इच्छुक भई सोको प्रस्ताव सहितको आवेदन पेश गरेको/का छु/छौँ । उक्त कार्यक्रममा छनौट भएमा कार्ययोजनामा उल्लेख भए बमोजिमको कार्य गर्नेछु । कार्ययोजना अनुसारको कार्य नगरेमा बेनिघाट रोराङ गाउँपालिकाबाट प्राप्त अनुदान रकम प्रचलित व्याज सहित फिर्ता गर्ने प्रतिबद्धता व्यक्त गर्दछु/छौँ । अन्यथा प्रचलित कानुन बमोजिम सहुँला/बुझाउँला । साथै सञ्चालित कृयाकलापबाट वातावरणलाई नकारात्मक असर नपुऱ्याउने व्यहोरा तथा प्रतिबद्धता समेत व्यक्त गर्दछु/छौँ ।

**साझेदारको तर्फबाट**

नाम :

ठेगाना :

सम्पर्क नं. :

दस्तखत :

मिति :

संस्थाको छाप :

| दायाँ | बाँया |
|---|---|
| | |

## अनुसुचि -३

## कार्ययोजना विवरण

१. व्यवसायको परिचय :

२. उदेश्य :

३. भैँसी पालन व्यवसायमा अनुभव :

४. व्यवसाय सञ्चालन गरिने स्थानको संक्षिप्त विवरण :

५. व्यवसाय सञ्चालनका लागि रहेका पूर्वाधारहरुको विवरण :

६. साझेदारीमा सञ्चालन गरिने प्रस्तावित कार्यविवरण : (रकम रु. हजारमा)

| सि.न. | कार्यक्रम विवरण | अनुदान | स्वलगानी | जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| १. | दुधालु भैँसी खरिद | | | | |
| २. | गोठ निर्माण/भकारो सुधार | | | | |

७. साझेदारीमा भैँसी प्रवर्द्धन गर्ने आवेदकले न्यूनतम अनुदान रकम र स्वलगानी रकम प्रस्तावित कार्ययोजनामा समावेश गर्नु पर्नेछ ।

८. अपेक्षित वार्षिक प्रतिफल :

**आवेदन पेश गर्ने साझेदारको :**

निजी फार्म/समुह/सहकारीको नाम.....................................सम्पर्क नं. ........................

ठेगाना : जिल्ला ............ गाउँपालिका /नगरपालिका ................................ वडा नं. ......

गाउँ /टोल..........

भैँसी पालन गरिने स्थान :

**आवेदकको तर्फबाट सही गर्नेको :**

नाम : औँठाको/संस्थाको छाप

दस्तखत :

मिति

## अनुसूचि-४

## स्व-घोषणा पत्र

श्रीमान कार्यालय प्रमुख ज्यू,

बेनिघाट रोराङ गाउँपालिका

विशालटार, धादिङ

प्रस्तुत विषयमा तहाँ कार्यालयको मिति................का सूचना अनुसार,...................................ले भैंसी प्रवर्द्धन कार्यक्रममा प्रस्ताव पेश गरेको हुँदा तपसिलका बुँदाहरुमा प्रतिबद्धता व्यक्त गर्दछु/छौँ । यदि यस स्व-घोषणामा केहि झूठ पाइएमा प्रचलित कानुन बमोजिम सजायको भागेदार हुन मन्जुर रहेको व्यहोरा समेत अनुरोध गर्दछु/छौँ ।

तपसिल,

१. यस कार्यक्रमले वातावरणीय तथा सामाजिक रुपमा कुनै पनि प्रतिकुल असर गर्ने छैन ।

२. कुनैपनि वित्तिय संस्था वा सरकारी निकायको कालोसूचीमा परेको छैन ।

३. विगतका आर्थिक वर्षहरुमा सोही प्रकृतिका कार्यक्रमहरु सञ्चालनका लागि कुनैपनि सरकारी निकायबाट अनुदान प्राप्त गरेको छैन ।

**आवेदकको नाम :**

पद :

ठेगाना :

समूह/सहकारीको नाम :

समूह/सहकारीको छाप :

सम्पर्क नं.:

औठा

छाप

| दायाँ | बायाँ |
|---|---|
| | |

# अनुसूचि-५

## सम्झौता-पत्र

आ.व २०७९/८० मा सञ्चालन हुने भैंसी प्रवर्द्धन कार्यक्रमको लागि बेनिघाट रोराङ गाउँपालिकाको कार्यालय, विशालटार, धादिङ (यस भन्दा पछाडी प्रथम पक्ष भनिने) र छनौट भएका निजी क्षेत्र ............................................... (यस भन्दा पछाडी दोश्रो पक्ष भनिने) बिच तपशिलका शर्तनामाको अधिनमा रहि कार्यक्रम सञ्चालन गर्न सम्झौता भएको छ।

**शर्तनामाहरु :**

१.दोस्रो पक्षले भैंसि फार्ममा कार्ययोजना बमोजिम भैंसि खरिद तथा गोठ निर्माण/भकारो सुधारको कार्य गर्नुपर्नेछ।

२.प्रथम पक्षले बुँदा न. १ बमोजिमको कार्यको लागि रु.............................. अनुदान दोस्रो पक्षलाई उपलब्ध गराउनेछ।

३.दोस्रो पक्षले अनुदान रकम नियमानुसार खर्च गरि खर्चको प्रमाणित विल भरपाईहरु प्रथम पक्षलाई बुझाउनुपर्ने छ।

४. प्रथम पक्षले दोश्रो पक्षलाई भैंसी प्रवर्द्धन कार्यक्रमका लागि सम्झौता बमोजिमको अनुदान रकम कार्ययोजना बमोजिम कार्य सम्पन्न भए पश्चात बैंक खातामा जम्मा गरी उपलब्ध गराउने छ।

५. दोश्रो पक्षले प्रथम पक्षबाट आवश्यक प्राविधिक जानकारी प्राप्त गरी आफूले आवेदन गरे अनुसारको कार्यक्रम सञ्चालन गर्नेछ।

६. दोश्रो पक्षले कार्यक्रम सञ्चालन गरे/नगरेको प्रथम पक्षले अनुगमन गर्नेछ।

७. यस सम्झौतामा उल्लेखित काम गर्दा परि आउन सक्ने कुनै पनि भवितव्यको पूर्ण जिम्मेवारी दोश्रो पक्ष स्वमं हुनेछ।

८. दोस्रो पक्षले प्रस्ताव साथ पेश गरेको कार्ययोजना बमोजिमको कार्य मुल्यांकन गरि प्राप्त प्रतिवेदनको आधारमा स्विकृत अनुदान रकम घट्न सक्ने छ।

९. अनुदान रकम लिई सकेपछि कम्तीमा २ वर्षसम्म भैसीको संख्या घटाउन पाईने छैन।

१०.दोस्रो पक्षले कार्ययोजना अनुसार काम नगरेको अवस्थामा सोको सम्पुर्ण जिम्मेवारी बहन गर्नुपर्नेछ।

११यो सम्झौता चालु आ.व.२०७९।८० को लागि मात्र हुनेछ।

१२. यस सम्झौतामा उल्लेख भएका कुराहरु यसै बमोजिम र अन्य कुराहरु प्रचलित कानुन बमोजिम हुनेछ।

| | |
|---|---|
| **प्रथम पक्ष :** | **दोश्रो पक्ष :** |
| **कार्यालयको तर्फबाट :** | **साझेदार संस्थाको तर्फबाट :** |
| नाम : | नाम : |
| पद : | पद : |
| दस्तखत : | दस्तखत : |
| मिति : | मिति : |
| सम्पर्क नं. : | सम्पर्क नं. : |
| कार्यालयको छाप : | संस्थाको छाप |

**रोहवर**

१.

२.

३.

ईति सम्वत्..........................साल ................महिना............गते रोज ................ शुभम्.. ।